श्री

# सर्वोच्च अदालत

पत्र संख्या: २०७५/७६
प्राप्त पत्र संख्या र मिति :
च.नं.: ६११

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
☎ ४२००७२८, ४२००७२९, ४२००७५०
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

मितिः २०७६।०३।३०

श्री उच्च अदालत/इजलाशहरु, सबै ।

श्री बिशेष अदालत, बबरमहल, काठमाडौं ।

श्री राजश्व न्यायाधिकरणहरु, सबै ।

श्री श्रम अदालत, काठमाडौं ।

श्री प्रशासकिय अदालत, काठमाडौं ।

श्री मेलमिलाप परिषद्, काठमाडौं ।

श्री जिल्ला अदालतहरु, सबै ।

श्री राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं ।

श्री फैसला कार्यान्वयन निर्देशनालय, काठमाडौं ।

विषय :- <u>आर्थिक वर्ष २०७५/७६ को आर्थिक विवरण सम्बन्धमा</u> ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८५ अनुसार प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको पैंतिस दिनभित्र बार्षिक आर्थिक विवरण तयार गरी सो आर्थिक विवरणसाथ आर्थिक वर्षको अन्तमा बांकी रहेको पेश्की विवरण, भुक्तानी हुन बांकीको कच्चावारी संलग्न गरी सम्बन्धित तालुक कार्यालयमा पठाउनुपर्ने प्रावधान रहेको ब्यहोरा विदितै छ । यसरी मातहतका निकायहरुबाट प्राप्त हुने विवरण एकिकृत गरी यस अदालत अन्तर्गतको केन्द्रीय वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्तभित्र महालेखा परीक्षकको कार्यालय र महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने दायित्व सोही नियमावलीको नियम ८७ ले तोकेको भएतापनि यस अदालतले महालेखा नियन्त्रक कार्यालयमा यस अदालत अन्तर्गतको आर्थिक वर्ष २०७५/७६ को एकिकृत आर्थिक विवरण २०७६ भाद्र मसान्तभित्र पेश गर्ने प्रतिबद्धता जनाए बमोजिम त्यहांबाट समेत वार्षिक आर्थिक विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भिडान गरी सोको प्रमाणित प्रति भाद्र १५ गतेभित्र यस अदालतको आर्थिक प्रशासन शाखामा आइपुग्ने गरी पठाउन हुन निर्देशानुसार अनुरोध छ ।

३।३०

(युवराज गिरी)
लेखा अधिकृत